# हुंकार मधेश

समग्र थरुहट- मधेश जोड्ने अभियान

# HUNKAR MADHESH

स्था : २०८३

प.स. -
च.न. -

मितिः- २०८३/०६/०९

## केन्द्रीय अभियन्ताको नामावली

| क्र.स. | नम | पद | जिल्ला |
|---|---|---|---|
| १ | श्री अंकित कुर्मी | केन्द्रीय अभियन्ता | रुपन्देही |
| २ | श्री आदर्श शुक्ला | केन्द्रीय अभियन्ता | बर्दिया |
| ३ | डा. आर.के.कस्यप | केन्द्रीय अभियन्ता | बारा |
| ४ | डा.आभाष झा | केन्द्रीय अभियन्ता | धनुषा |
| ५ | डा. आनन्द झा | केन्द्रीय अभियन्ता | पर्सा |
| ६ | श्री आनन्द कुमार सिंह | केन्द्रीय अभियन्ता | सिरहा |
| ७ | श्री आतिश ठाकुर | केन्द्रीय अभियन्ता | धनुषा |
| ८ | डा.अर्जुन सिंह | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ९ | श्री अजय वर्मा | केन्द्रीय अभियन्ता | रुपन्देही |
| १० | श्री अभिनाश पुर्वे | केन्द्रीय अभियन्ता | सिरहा |
| ११ | श्री अभिषेक कुमार | केन्द्रीय अभियन्ता | महोत्तरी |
| १२ | श्री अनिरुद्ध प्रसाद सिंह | केन्द्रीय अभियन्ता | पर्सा |
| १३ | डा. अकलेश आनन्द | केन्द्रीय अभियन्ता | महोत्तरी |
| १४ | श्री अशित | केन्द्रीय अभियन्ता | सिरहा |
| १५ | श्री अगंद यादव | केन्द्रीय अभियन्ता | नवलपरासी |
| १६ | मो.ओकार युनुस (साहिल) | केन्द्रीय अभियन्ता | रुपन्देही |
| १७ | श्री इन्दु शर्मा | केन्द्रीय अभियन्ता | महोत्तरी |
| १८ | श्री इन्द्रजित साफि | केन्द्रीय अभियन्ता | धनुषा |
| १९ | श्री उमेश सिंह | केन्द्रीय अभियन्ता | सर्लाही |
| २० | डा. एन.एन.भारद्वाज | केन्द्रीय अभियन्ता | महोत्तरी |
| २१ | श्री कृष्ण कुमार देव | केन्द्रीय अभियन्ता | सप्तरी |
| २२ | श्री कृष्ण कुमार गुप्ता | केन्द्रीय अभियन्ता | सप्तरी |
| २३ | श्री कृष्णा झा | केन्द्रीय अभियन्ता | सप्तरी |
| २४ | श्री किशोर मधेशी | केन्द्रीय अभियन्ता | सर्लाही |
| २५ | श्री केशव कुमार | केन्द्रीय अभियन्ता | सप्तरी |
| २६ | श्री कैलाश कश्यप | केन्द्रीय अभियन्ता | कपिलवस्तु |
| २७ | श्री कंचन कुमारी | केन्द्रीय अभियन्ता | महोत्तरी |
| २८ | डा.कमरुल्लाह अंसारी | केन्द्रीय अभियन्ता | बारा |
| २९ | श्री कुमारी शोनि रइदास | केन्द्रीय अभियन्ता | बर्दिया |
| ३० | श्री कौशलेन्द्र कौशल | केन्द्रीय अभियन्ता | सर्लाही |
| ३१ | श्री कविता वर्मा | केन्द्रीय अभियन्ता | बर्दिया |

| | | | |
|---|---|---|---|
| ३२ | ई.कुलभुषन शेखर शर्मा | केन्द्रीय अभियन्ता | धनुषा |
| ३३ | श्री खुशीलाल यादव | केन्द्रीय अभियन्ता | काभ्रे |
| ३४ | श्री गजेन्द्र राय | केन्द्रीय अभियन्ता | सर्लाही |
| ३५ | श्री गिरीवर यादव | केन्द्रीय अभियन्ता | बर्दिया |
| ३६ | श्री गौतमराज उत्कर्श | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ३७ | डा.चन्द्र किशन साह | केन्द्रीय अभियन्ता | चितवन |
| ३८ | श्री चन्द्रानन्द ज्योतिष | केन्द्रीय अभियन्ता | सप्तरी |
| ३९ | श्री जासर यादव | केन्द्रीय अभियन्ता | रौतहट |
| ४० | श्री ज्योति वर्मा | केन्द्रीय अभियन्ता | बर्दिया |
| ४१ | श्री जितेन्द्र साह | केन्द्रीय अभियन्ता | सर्लाही |
| ४२ | श्री जितेन्द्र कुमार मिश्र | केन्द्रीय अभियन्ता | सर्लाही |
| ४३ | श्री तेज प्रसाद अधिकारी | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ४४ | श्री दिनेश यादव | केन्द्रीय अभियन्ता | सिरहा |
| ४५ | श्री दुनालाल ठाकुर | केन्द्रीय अभियन्ता | सप्तरी |
| ४६ | श्री धमेन्द्र कुमार साह | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ४७ | श्री धिरेन्द्र झा मैथिल | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ४८ | श्री धिरेन्द्र सिंह | केन्द्रीय अभियन्ता | धनुषा |
| ४९ | श्री निसान्त शर्मा | केन्द्रीय अभियन्ता | धनुषा |
| ५० | श्री निखिल जयसवाल | केन्द्रीय अभियन्ता | बर्दिया |
| ५१ | श्री नितु पाण्डेय | केन्द्रीय अभियन्ता | रुपन्देही |
| ५२ | श्री नेहा राय | केन्द्रीय अभियन्ता | धनुषा |
| ५३ | श्री नेहा कुमारी | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ५४ | डा. प्रभाष सराफ | केन्द्रीय अभियन्ता | सर्लाही |
| ५५ | श्री प्रकृती दुलाल | केन्द्रीय अभियन्ता | ललितपुर |
| ५६ | श्री प्रशान्त कुमार | केन्द्रीय अभियन्ता | मोरङ्ग |
| ५७ | श्री पंकज साह | केन्द्रीय अभियन्ता | धनुषा |
| ५८ | श्री पंकज देव | केन्द्रीय अभियन्ता | सप्तरी |
| ५९ | श्री पुष्पराज चमन | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ६० | श्री बच्चा बाबु सिंह | केन्द्रीय अभियन्ता | कैलाली |
| ६१ | श्री ब्रजेन्द्र शर्मा | केन्द्रीय अभियन्ता | सर्लाही |
| ६२ | श्री बैजु जोशी | केन्द्रीय अभियन्ता | सप्तरी |
| ६३ | श्री मनोज मरवैता | केन्द्रीय अभियन्ता | धनुषा |
| ६४ | श्री मनोहर झा | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ६५ | श्री मनिष कुमार भटराई | केन्द्रीय अभियन्ता | नवलपरासी |
| ६६ | श्री मनिषा हरिजन | केन्द्रीय अभियन्ता | रुपन्देही |
| ६७ | श्री माधवि ठाकुर | केन्द्रीय अभियन्ता | धनुषा |
| ६८ | श्री मुकेश कुमार यादव | केन्द्रीय अभियन्ता | धनुषा |
| ६९ | श्री भोगेन्द्र मण्डल | केन्द्रीय अभियन्ता | सप्तरी |
| ७० | मो.युसुफ साफि | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ७१ | श्री योगेन्द्र यादव (रितेश) | केन्द्रीय अभियन्ता | सर्लाही |
| ७२ | प्रो. रबिन्द्र मिश्र | केन्द्रीय अभियन्ता | सर्लाही |
| ७३ | श्री रत्नेश्वर प्रसाद सनातनी | केन्द्रीय अभियन्ता | महोत्तरी |

| | | | |
|---|---|---|---|
| ७४ | श्री राम कुमार कश्यप | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ७५ | श्री राम रक्षा मौर्य | केन्द्रीय अभियन्ता | रुपन्देही |
| ७६ | श्री राम दिनेश मिश्र | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ७७ | श्री राम किशुन नायक | केन्द्रीय अभियन्ता | रुपन्देही |
| ७८ | श्री रामानन्द मण्डल | केन्द्रीय अभियन्ता | मोरङ्ग |
| ७९ | श्री रामनाथ गुप्ता | केन्द्रीय अभियन्ता | रुपन्देही |
| ८० | श्री रामजी राय | केन्द्रीय अभियन्ता | धनुषा |
| ८१ | श्री रामजी सदा | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ८२ | श्री रामचन्द्र मेहता | केन्द्रीय अभियन्ता | मोरङ्ग |
| ८३ | श्री राज किशोर यादव | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ८४ | श्री राज कुमार महतो | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ८५ | श्री राजेश रौनियार | केन्द्रीय अभियन्ता | पर्सा |
| ८६ | श्री राजाराम मधेशी | केन्द्रीय अभियन्ता | सप्तरी |
| ८७ | श्री राहुल यादव | केन्द्रीय अभियन्ता | बर्दिया |
| ८८ | श्री रोशन कुमार | केन्द्रीय अभियन्ता | धनुषा |
| ८९ | श्री ललन मिश्र | केन्द्रीय अभियन्ता | सप्तरी |
| ९० | श्री विरेन्द्र पासवान | केन्द्रीय अभियन्ता | सिरहा |
| ९१ | श्री विमलेश मानव | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ९२ | श्री विनोद कुमार सिंह | केन्द्रीय अभियन्ता | रौतहट |
| ९३ | श्री विजय महासेठ | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ९४ | श्री विजय यादव | केन्द्रीय अभियन्ता | सर्लाही |
| ९५ | श्री विवेक वर्मा | केन्द्रीय अभियन्ता | बर्दिया |
| ९६ | श्री विवेकानन्द ठाकुर | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ९७ | श्री विनि वर्मा (रजनी) | केन्द्रीय अभियन्ता | बर्दिया |
| ९८ | श्री श्याम चौधरी | केन्द्रीय अभियन्ता | धनुषा |
| ९९ | श्री श्याम चौधरी | केन्द्रीय अभियन्ता | सप्तरी |
| १०० | श्री शशिकान्त मण्डल | केन्द्रीय अभियन्ता | सप्तरी |
| १०१ | श्री शैषव राजु | केन्द्रीय अभियन्ता | सप्तरी |
| १०२ | श्री सरोज यादव | केन्द्रीय अभियन्ता | सिरहा |
| १०३ | श्री सरोज कुशवाहा | केन्द्रीय अभियन्ता | सर्लाही |
| १०४ | श्री सम्बोध कुमार | केन्द्रीय अभियन्ता | सप्तरी |
| १०५ | श्री सन्दीप त्रिपाठी | केन्द्रीय अभियन्ता | रुपन्देही |
| १०६ | श्री समिक्षा धवल | केन्द्रीय अभियन्ता | रुपन्देही |
| १०७ | श्री सन्दिप मिश्र | केन्द्रीय अभियन्ता | सर्लाही |
| १०८ | श्री सचिदानन्द यादव | केन्द्रीय अभियन्ता | सप्तरी |
| १०९ | श्री संजित पाठक | केन्द्रीय अभियन्ता | महोत्तरी |
| ११० | श्री सुजना खड्का | केन्द्रीय अभियन्ता | सप्तरी |
| १११ | श्री सुनिल प्रसाद गुप्ता | केन्द्रीय अभियन्ता | सर्लाही |
| ११२ | श्री सुलभ चौधरी | केन्द्रीय अभियन्ता | सुनसरी |
| ११३ | श्री सुलपानि झा (विट्टु) | केन्द्रीय अभियन्ता | सर्लाही |
| ११४ | मो.हफिज मियाँ अन्सारी | केन्द्रीय अभियन्ता | पर्सा |
| ११५ | श्री हिरालाल मण्डल | केन्द्रीय अभियन्ता | मोरङ्ग |

| | | | |
|---|---|---|---|
| ११६ | श्री हेमन्त झा | केन्द्रीय अभियन्ता | चितवन |
| ११७ | श्री हेमन्त सिंह | केन्द्रीय अभियन्ता | सर्लाही |
| ११८ | श्री ज्ञानिशा चौधरी | केन्द्रीय अभियन्ता | सप्तरी |

# हुंकार मधेश

## समग्र थरुहट - मधेश जोड्ने अभियान

### १. प्रस्तावना :

नेपाल एक सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक, बहुजातीय/राष्ट्रिय एवम् विविधतायुक्त बहुलवादी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, समानुपातिक समावेशीता, जनताको सार्वभौमिकता तथा नागरिक सर्वोच्चता, नागरिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार, जातीय/राष्ट्रिय पहिचानको मान्यता, संवैधानिक सर्वोच्चता एवं विधिको शासन तथा स्वतन्त्र न्यायपालिका, समानता, सम्पन्नता, सुशासन, सामाजिक न्याय, लोककल्याणकारी राज्य, समावेशी लोकतन्त्र लगायतका लोकतान्त्रिक मुल्य, मान्यता र आदर्शप्रति दृढ सङ्कल्प गर्दै,

देश र राष्ट्रियहित, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र ऐतिहासिक परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका जनआन्दोलन, सबै सशस्त्र संघर्ष, ऐतिहासिक मधेश जनविद्रोह र आन्दोलन, थरुहट आन्दोलन , भाषिक आन्दोलन, शिल्पी आन्दोलन, जेन्जी बिद्रोह, लिम्बुवान आन्दोलनसहित आदिवासी जनजाति आन्दोलन, संघर्ष त्याग, बलिदान र उत्सर्गको गौरवपूर्ण ईतिहासलाई स्मरण एवं शहीदहरुप्रति श्रद्धाञ्जली तथा वेपत्ता र पीडित परिवारहरुलाई उच्च सम्मान गर्दै,

सामन्ती, केन्द्रिकृत एकल जातीय निरङ्कुश एकात्मक शासन प्रणालीले सृजना गरेका वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, सामाजिक, साँस्कृतिक, लैङ्गिक विभेदलगायत सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी राजनीतिक स्वतन्त्रता, आर्थिक समानता, सुशासन, सामाजिक न्याय सुनिश्चित गर्न जातीय अथवा सामाजिक समुदायहरुको जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी र सहभागितामूलक विभेदरहीत समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै,

मुलुकमा विद्यमान रहेको  राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक समस्या र चुनौतिहरुको सामना गर्न तथा मुलुकको राजनीतिमा समय सापेक्ष निकाश दिन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न संघीयतावादी, पहिचानवादी, अधिकारवादी, मुक्तिकामी, प्रगतिशील, लोकतान्त्रिक र समाजवादी शक्तिहरुको एकतावद्ध पहलकदमी आवश्यक छ भन्ने विचारलाई ह्दयङ्गम गर्दै,

मधेशी, आदिवासी जनजाति, थारु, दलित, मुस्लिम, महिला,  अल्पसङ्ख्यक लगायत असमानता, शोषण, उपेक्षा र बहीष्करण तथा विभेदमा परेका/पारिएका, विपन्न वर्ग लगायतका समुदायहरुको पहिचानको मान्यता समानुपातिक समावेशीकरण र सामाजिक न्यायको प्रत्याभूति गराउने सङ्कल्प गर्दै,

विभिन्न समुदायहरुले गरेका जनक्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संरक्षण, सुदृढ र संस्थागत गर्दै संविधानमा प्राप्त उपलब्धि र अधिकारहरुको रक्षा तथा कार्यान्वयन गर्दै समय सापेक्ष, संविधान संशोधन/परिमार्जन र विकासका साथै शोषित, उत्पीडित र वहिष्कृत जनताले प्राप्त गर्न बाँकी रहेका अधिकारहरुको प्राप्ति गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा आधारित विभेदरहीत समतामूलक, न्यायपूर्ण व्यवस्था स्थापना गर्न प्रतिवद्ध छौं ।

यो अभियान केवल एउटा सामाजिक अभियान होइन, यो सभ्यतागत पुनर्जागरण, वैचारिक पुनर्निर्माण र सामाजिक रुपान्तरणको अभियान हो । यसले पूर्वीय दर्शन, सभ्यता, संस्कृति, जीवनदृष्टि र ज्ञान प्रणालीको आधारमा समाज, राज्य र अर्थतन्त्रको पुनर्संरचनाको वकालत गर्दछ । यो अभियानले पश्चिमम केन्द्रित ज्ञान प्रणालीको एकाधिकारलाई आंशिक रूपमा स्वीकार गर्दै ***मौलिकतावाद, साँस्कृतिक सापेक्षतावाद र सामुदायिक समाजवादलाई आफ्नो वैचारिक आधार बनाउँदै र सनातन, संघीयता, सामाजिक न्याय, सुशासन र समृधी अर्थात "५स" को मुल मन्त्र*** मानी यस्को प्राप्ति गर्ने उदेश्यले आफ्नो मौलिक पहिचान, संस्कृति, भाषा, ज्ञान, परम्परा र सभ्यतालाई आधुनिक युग अनुकूल पुनर्स्थापित गर्नु हो र यस वैचारिकी कै आधारमा एउटा शक्तिशाली साझा  राजनीतिक संगठनको निर्माण गर्नु हो ।

## २. अभियानको आवस्यकता र औचित्य :

जेन्जी मुवमेन्ट लगत्तै संघीय लोकतान्त्रिक मोर्चामा आवद्ध सबै पार्टीहरु वीच एकताको धेरै प्रयासहरु भए तर केही नेतृत्ववर्गको हठ, अहंकार र पदप्रतिको आशक्तिले तात्कालिन समयमा एकीकरण सम्भव भएन र चुनावमा पनि न मोर्चाबन्दी रह्यो न एकल चुनाव चिन्ह प्रयोग गरेर चुनावमा भाग लिए ।परिणामस्वरूप गत चुनावमा मधेश केन्द्रित सबै राजनीतिक दलहरुको लज्जास्पद हार भयो र अस्तित्वमाथी नै प्रश्न उठ्न थाल्यो । निर्वाचनको परिणाम पछि दवावस्वरुप सबै मधेश केन्द्रित दलहरुलाई एकीकरण र युवा पुस्तामा नेतृत्व हस्तान्तरणको अभियानै चल्यो तर शुन्यतामा पुगेपछि पनि केही नेतृत्वकर्त्ताले जनभावना र समयको पदचापलाई अनुभुत गर्न चाहेनन र फेरि एकचोटि एकीकरणको प्रयास विफल भयो । यस्तो अवस्थामा केही दलका नेतृत्वकर्त्ता एवं प्रायः सबै पार्टीका दोस्रो, तेश्रो पुस्ताका नेताहरु र केही नागरिक समाजका अगुवा तथा बुद्धिजिवीहरुले बारम्बार संयुक्त रूपमा बसि के निश्कर्ष निकाले भने, अबको समयमा कुनै एउटा पुरानो पार्टीको नेतृत्वमा, पुराना टेस्टेड नेताहरुको नेतृत्वमा मधेश-थरुहट वा उत्पीडितहरुको राजनीति अगाडि बढाउन सकिने अवस्था छैन। समाजमा युवा पुस्ताको नेतृत्वमै अगाडि बढ्नुपर्ने र पुराना नेताहरु मार्गदर्शक, सल्लाहकार र अभिभावकको रूपमा सहयोग गर्नुपर्ने हुन्छ । तसर्थ, पुराना नेताहरुले गरेका राम्रा कामहरुको कदर गर्दै एउटा साझा शक्तिशाली राजनीतिक संगठन निर्माणको औचित्य र आवस्यकता महसुस गरि यो अभियान संचालन गर्ने र सबैलाई स्वीकार गर्न कठिन नहुने सक्षम, इमानदार र योग्य युवाको नेतृत्वमा सामुहिक नेतृत्व प्रणालीको अभ्यास गर्दै समय सापेक्ष मुद्दा, एजेन्डा, सिद्धान्त र आफ्नो मौलिक विचारको आधारमा भुराजनीतिलाई संतुलित राखी अगाडि बढ्नु पर्ने ठोस निश्कर्श निकालिएको छ ।

## ३. मधेश र थरुहटको संघर्षको इतिहास :

नेपालको राजनीतिक, सामाजिक तथा प्रशासनिक संरचनामा मधेश, मधेशी समुदाय लगायत उत्पीडितहरुको स्थान तथा अधिकारको प्रश्न लामो समयदेखि संघर्षको विषय रहँदै आएको छ। नेपालका तराई-मधेश क्षेत्रमा बसोबास गर्ने मधेशी र थारु समुदायले राज्यबाट नागरिकताको समस्याको समाधान, समान जनसंख्याको आधारमा प्रतिनिधित्व, पहिचान, सम्मान र अधिकारको माग गर्दै विभिन्न चरणमा आन्दोलन तथा राजनीतिक संघर्ष गरेका छन् । थारु र मधेशी राजनीतिको इतिहास केवल अधिकार प्राप्तिको आन्दोलन मात्र नभई राज्य संरचनामा संघात्मक संरचना, समावेशीकरण र समानताको खोजीको इतिहास पनि हो ।

प्रारम्भिक अवस्थामा नेपाल एकीकरणपछि राज्यसत्ताको केन्द्र पहाडी क्षेत्रमा केन्द्रित रह्यो। तराई-मधेश भौगोलिक, आर्थिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण क्षेत्र भए पनि राज्यका विभिन्न निकायहरूमा मधेशी थारुहरूको सहभागिता अत्यन्त न्यून रह्यो। प्रशासन, सेना, न्यायपालिका, कूटनीतिक क्षेत्र तथा उच्च राजनीतिक तहमा मधेशी, थारुहरूको उपस्थिति सीमित थियो । मधेशी र थारु समुदायले आफूलाई राज्यद्वारा उपेक्षित तथा दोस्रो दर्जाको नागरिकसरह व्यवहार गरिएको अनुभूति गर्दै आएका थिए । विशेष गरी बजेट विनियोजनमा विभेद, नागरिकता प्राप्तिमा कठिनाइ, सरकारी सेवामा अवसर, भाषिक तथा सांस्कृतिक पहिचानको संरक्षण र राजनीतिक प्रतिनिधित्वका विषयहरू मधेशी थारु समुदायका प्रमुख सरोकारका विषय बने। मधेशीहरूलाई भारतीय मूलका नागरिकका रूपमा शंका गर्ने प्रवृत्तिले पनि उनीहरूको राष्ट्रिय पहिचानमाथि प्रश्न उठाउने काम गर्‍यो । २००८ सालदेखि तराई कांग्रेसको नाममा शुरु भएको संघर्ष अहिलेसम्म विभिन्न रूपमा जारी छ । २०४६ सालको जनआन्दोलनपछि बहुदलीय लोकतन्त्र पुनर्स्थापित भयो। यसपछि विभिन्न क्षेत्रीय तथा पहिचानवादी राजनीतिक शक्तिहरू संगठित रूपमा उदय हुन थाल्यो। मधेशी समुदायका अधिकारका विषयलाई केन्द्रमा राखेर विभिन्न संगठन र राजनीतिक दलहरू गठन भए। यद्यपि तत्कालीन प्रमुख राजनीतिक दलहरूले मधेशी मुद्दालाई प्राथमिकताका साथ उठाएनन। फलस्वरूप २०४० र २०५० को दशकमा नेपाल सद्भावना परिषद र पार्टीले मधेशी अधिकार, समानुपातिक प्रतिनिधित्व, नागरिकता, भाषिक अधिकार तथा संघीयताको विषय उठाए। तर राष्ट्रिय राजनीतिमा उनीहरूको प्रभाव सीमित रह्यो । मधेशी राजनीतिको इतिहासमा २०६३/०६४ सालको मधेश विद्रोह र मधेश आन्दोलन महत्वपूर्ण मानिन्छ। २०६२/०६३ को जनआन्दोलनपछि अन्तरिम संविधान जारी हुँदा मधेशी समुदायले आफ्ना मागहरू समेटिएको महसुस गरेनन्। त्यसपछि मधेशभर व्यापक आन्दोलन सुरु भयो ।

यस आन्दोलनको नेतृत्व विभिन्न मधेशी राजनीतिक दल, नागरिक समाज तथा युवाहरूले गरेका थिए। आन्दोलनका प्रमुख मागहरूमा:

- संघीय शासन व्यवस्था,

- स्वशासित समग्र थरुहट मधेश एक स्वायत्त प्रदेश,

- समानुपातिक समावेशी प्रतिनिधित्व,

- मधेशी, थारुहरूको राज्यका हरेक निकायमा समानुपातिक सहभागिता,

- आत्मसम्मान र पहिचानको सुनिश्चितता,

- नागरिकताको समस्याको समाधान,

- पुर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था,

- समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण आदि ।

आन्दोलनका क्रममा मधेशका विभिन्न जिल्लाहरूमा प्रदर्शन, बन्द, धर्ना तथा झडपहरू भए । दर्जनौं मानिसहरूले बलिदानी दिए र सयौं घाइते भए । आन्दोलनको दबाबपछि सरकारले संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशीकरण तथा निर्वाचन प्रणालीमा सुधारका विषय स्वीकार गर्न बाध्य भयो ।

## संघीयता र मधेश :

मधेश आन्दोलनको सबैभन्दा प्रमुख उपलब्धिको रूपमा  नेपालमा संघीयताको एजेन्डा स्थापित हुनु मानिन्छ । २०६४ फाल्गुन १६ गते आन्दोलनरत तीन मधेशवादी पार्टीको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चावीच भएको ८ बुंदे सम्झौताले मधेशलाई बलियो राजनीतिक पक्षको रूपमा उजागर गरेको हो । २०७२ सालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा परिभाषित गर्‍यो । तर संविधान निर्माण प्रक्रियामा मधेशी दलहरूले असन्तुष्टि जनाए । विश्वकै सबैभन्दा लामो ६ महिने शान्तिपुर्ण आन्दोलन मधेशी दलहरूले गरे जस्मा झापा देखि कंचनपुरसम्म प्रदर्शन गरिएको मानव सांग्लोमा २५ लाख भन्दा बढी जनताले ऐक्यबद्धता जनाए । मधेशी पार्टीहरुको मुख्य गुनासो थियो कि प्रदेशहरूको सीमांकन, निर्वाचन क्षेत्र निर्धारण, अधिकारको बाँडफाँड तथा प्रतिनिधित्वका विषयहरू मधेशी जनताको अपेक्षा अनुसार भएन । संविधान जारी भएपछि मधेश केन्द्रित दलहरूले पुनः आन्दोलन गरे । २०७२ सालको आन्दोलनका क्रममा पनि ठूलो जनधनको क्षति भयो र मधेशको मुद्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसको विषय बन्यो ।

## मधेशवादी दलहरूको भूमिका :

मधेश आन्दोलनपछि विभिन्न मधेशवादी दलहरू राष्ट्रिय राजनीतिमा प्रभावशाली शक्तिका रूपमा उदाए । नेपाल सदभावना पार्टी, मधेसी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी, सदभावना पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल तथा हालको जनता समाजवादी पार्टी नेपाल, जनता प्रगतिशील पार्टी, लगायतका दलहरूले मधेशी अधिकार, संघीयता, समावेशीकरण तथा पहिचानका मुद्दाहरू उठाउँदै आएका छन् । यी दलहरूको दबाबका कारण राज्यका विभिन्न निकायमा मधेशीहरूको प्रतिनिधित्व केही हदसम्म बढेको छ । संविधान तथा कानुनहरूमा पनि समावेशी सिद्धान्तलाई महत्व दिइएको छ । तर मधेशी समुदायका धेरै व्यक्तिहरू अझै पनि पूर्ण समानता र न्याय प्राप्त हुन बाँकी रहेको तर्क गर्छन् ।

## ४. वर्तमान अवस्था र चुनौती :

आज मधेशी राजनीति केवल पहिचान र प्रतिनिधित्वको प्रश्नमा सीमित छैन । विकास, शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन, कृषि तथा आर्थिक समृद्धिका मुद्दाहरू पनि महत्वपूर्ण बनेका छन् । यद्यपि राज्यका सुरक्षा निकाय, निजामती सेवा, न्यायपालिका तथा उच्च प्रशासनिक तहमा मधेशीहरूको प्रतिनिधित्व अझै पनि जनसंख्याको अनुपातमा पर्याप्त नरहेको बहस जारी छ । त्यसैगरी, मधेशी राजनीतिक दलहरूको विभाजन, नेतृत्वबीचको प्रतिस्पर्धा तथा राष्ट्रिय राजनीतिसँगको समीकरणले पनि मधेश आन्दोलनका मूल उद्देश्यहरूलाई कमजोर बनाएको आलोचना हुने गरेको छ ।

## मधेश आन्दोलनका उपलब्धि, अपूर्ण एजेन्डा र नेतृत्वका कमी कमजोरीहरू :

मधेश आन्दोलन नेपालको आधुनिक राजनीतिक इतिहासको एउटा महत्वपूर्ण आन्दोलन हो । यसले राज्यको चरित्र, शक्ति संरचना र समावेशीकरण सम्बन्धी बहसलाई नयाँ दिशा दियो । तर आन्दोलनले उठाएका सबै मागहरू पूरा भएका छैनन् । त्यसैले मधेशको संघर्षलाई उपलब्धि र अपूर्णताको मिश्रित इतिहासका रूपमा हेर्न सकिन्छ । मधेश आन्दोलनका प्रमुख उपलब्धिहरू

**१. संघीयताको स्थापना :**

मधेश आन्दोलनको सबैभन्दा ठूलो उपलब्धि नेपालमा संघीयताको स्थापना हो । २०६३/६४ को आन्दोलनभन्दा पहिले संघीयता राष्ट्रिय राजनीतिको मूल एजेन्डा थिएन । मधेश आन्दोलनले संघीयताको मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो र अन्ततः नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र राष्ट्र बन्यो ।

**२. समावेशी प्रतिनिधित्वको सिद्धान्त :**

राज्यका विभिन्न निकायहरूमा समावेशीकरणको व्यवस्था स्थापित भयो । संसद, निजामती सेवा, सुरक्षा निकाय र विभिन्न आयोगहरूमा समावेशी प्रतिनिधित्वको संवैधानिक आधार निर्माण भयो ।

**३. मधेशी पहिचानको स्वीकृति :**

पहिले “मधेशी“ शब्दलाई राजनीतिक पहिचानका रूपमा व्यापक मान्यता थिएन । आन्दोलनपछि मधेशी पहिचान राष्ट्रिय राजनीतिमा स्थापित भयो र मधेशका सवालहरूलाई बेवास्ता गर्न कठिन भयो ।

**४. मधेशी दलहरूको उदय :**

मधेश केन्द्रित दलहरू राष्ट्रिय राजनीतिका निर्णायक शक्ति बने । सरकार निर्माण र संविधान संशोधनजस्ता विषयमा मधेशी दलहरूको प्रभाव बढ्यो ।

**५. नागरिकता र प्रतिनिधित्व सम्बन्धी सुधार :**

नागरिकता समस्या, निर्वाचन प्रणाली तथा प्रतिनिधित्वका केही विषयमा सुधार भए । मधेशी समुदायको राजनीतिक पहुँच पहिलेको तुलनामा विस्तार भयो ।

## प्राप्त गर्न बाँकी रहेका विषयहरू :

**१. जनसंख्याको अनुपातमा प्रतिनिधित्व :**

मधेशी समुदायको दाबी अनुसार राज्यका उच्च निकायहरू- सेना, न्यायपालिका, निजामती सेवा, विश्वविद्यालय, कूटनीतिक सेवा तथा विभिन्न तहका निर्वाचन क्षेत्रहरु लगायतमा जनसंख्याको अनुपातमा प्रतिनिधित्व अझै सुनिश्चित भएको छैन ।

**२. संविधान संशोधनका माग :**

मधेश आन्दोलनपछि उठाइएका धेरै मागहरू अझै पूरा भएका छैनन् । प्रदेश सीमांकन, राष्ट्रिय सभाको संरचना, निर्वाचन क्षेत्र निर्धारण, अधिकारको बाँडफाँड, पुर्ण समानुपातिक निर्वाचन प्रणाली, नागरिकता सम्बन्धि विभेदकारी प्रावधान हटाउने, सरकारी कामकाजको भाषा लगायतका विषयमा मधेशवादी दलहरूले असन्तुष्टि व्यक्त गर्दै आएका छन् ।

**३. आत्मसम्मान र मानसिक विभेदको अन्त्य :**

कानुनी सुधार भए पनि सामाजिक तथा मनोवैज्ञानिक स्तरमा मधेशीहरूलाई हेर्ने दृष्टिकोण पूर्ण रूपमा परिवर्तन भएको छैन भन्ने गुनासो अझै कायम छ ।

**४. आर्थिक विकास :**

मधेश आन्दोलनले केही  राजनीतिक उपलब्धि हासिल गर्‍यो, तर मधेशको आर्थिक रूपान्तरण अपेक्षाकृत कमजोर रह्यो । कृषि आधुनिकीकरण, औद्योगिकीकरण, रोजगार र पूर्वाधार विकासमा उल्लेखनीय फड्को मार्न बाँकी छ ।

**५. प्रदेशहरूको पुनर्संरचना तथा अधिकारको बाँडफाँड :**

संविधानले संघीयता स्वीकार गरे पनि प्रदेशहरूको पुनर्संरचना सहित सरकारहरूको अधिकार र स्रोतहरू कटौती गरेको अवस्था छ । एकातर्फ संविधानको अनुसूचीमा प्रदेशहरुले प्राप्त गरेको अधिकार पनि प्रयोग गर्न पाएका छैनन भने अर्कोतर्फ पाएको

अधिकार प्रयाप्त छैन। न त आफ्नो कर्मचारीतन्त्र छ, न त प्रहरी प्रशासन छ, न त प्रयाप्त बजेट छ नामको मात्र संघीयता छ। संघीयता पक्षधरले यसलाई "अधूरो संघीयता"/ "खिचडी संघीयता" भन्ने गरेका छन।

**६. आठ बुंदे समझदारी :**

नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चावीच २०६४ फाल्गुन १६ गते भएको ८ बुंदे सम्झौताका केही मागहरु आंशिक रुपमा सम्बोधन भएपनी पुर्णरुपमा अझै मागहरु पूरा भएको छैन।

**७. लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न बाँकी :**

२०७२ मा संविधान जारी हुने बेला मधेशी र थारुहरुले आफ्नो माग मुद्दा नसमेटिएपछि दुनियाँकै सबैभन्दा लामो ६ महिने शान्तिपुर्ण आन्दोलन गर्दा राज्यद्वारा अत्यधिक बल प्रयोग गरेको सयौं आन्दोलनकारीहरु लाई हत्या गरेको, टिकापुरमा पनि अत्यधिक दमन र मानवता विरोधी गतिविधिहरु गरेकोले छानविन गर्न राज्यद्वारा गठित लाल आयोगको प्रतिवेदन आज दस वर्ष बितिसक्दा पनि सार्वजनिक हुन सकेको छैन।

## मधेशी नेतृत्वका कमी कमजोरीहरू:

**आन्दोलनका उपलब्धिहरूसँगै नेतृत्वको आलोचना पनि व्यापक रूपमा हुने गरेको छ।**

**१. अत्यधिक दल विभाजन :**

मधेशवादी दलका नेताहरुको केन्द्रीकृत सोच, तानाशाही कार्यशैली, निरंकुश स्वभाव र विधि प्रक्रिया न मान्ने शैलीले पार्टीभित्र आन्तरिक लोकतन्त्र अत्यन्त कमजोर रह्यो। मधेश आन्दोलनपछि बनेका अधिकांश दलहरू सरकारमा सहभागी हुन बारम्बार फुट्ने क्रममै रहे। यसले आन्दोलनको शक्ति कमजोर बनायो।

**२. आन्दोलनलाई संस्थागत गर्न नसक्नु :**

आन्दोलनबाट प्राप्त जनसमर्थनलाई दीर्घकालीन संगठन, वैकल्पिक नीति र संस्थागत संरचनामा रूपान्तरण गर्न नेतृत्व सफल भएन भन्ने आलोचना छ। जहिले पनि "Out bidding crisis" create गरेर " ill–fitted deal " गरे। आन्दोलन गर्ने र त्यसबाट उत्पन्न शक्तिको बलमा दुईचार सिट जित्ने र सरकारमा सहभागी भै जनताको पक्षमा काम गर्न नसक्ने अवस्था सृजना हुने जसले गर्दा जनतामा अविस्वास पैदा भयो। बारम्बार धोका भएको महशुस भयो।

**३. व्यक्ति केन्द्रित राजनीति :**

धेरै मधेशवादी दलहरू विचार र कार्यक्रमभन्दा पनि व्यक्तिको वरिपरि केन्द्रित भए। नेतृत्वबीचको प्रतिस्पर्धाले सामूहिक उद्देश्यलाई कमजोर बनायो। अध्यक्षको एकल निर्णय, नातावाद, आर्थिक लेनदेन, विधि प्रक्रिया नमान्ने र निरंकुश शैलीले सामुहिक नेतृत्व प्रणालीको विकास हुन सकेन।

**४. विकासको एजेन्डा कमजोर हुनु :**

धेरै समयसम्म मधेशी राजनीतिले पहिचान र अधिकारका मुद्दालाई प्राथमिकता दियो, तर शिक्षा, स्वास्थ्य, उद्योग, कृषि र रोजगारीको स्पष्ट विकास मोडेल प्रस्तुत गर्न सकेन।

**५. आन्दोलन र सत्ताबीचको दूरी घट्नु :**

कयौं नेताहरू आन्दोलनका नाराबाट सत्ता राजनीतिमा पुगेपछि जनताले अपेक्षा गरेको परिवर्तन दिन नसकेको आरोप लाग्यो। यसले जनविश्वास घटाएको देखिन्छ।

**६. भ्रष्टाचारमा लिप्त :**

आन्दोलन र संघर्ष पछि सत्तामा आएका नेताहरुको जीवन शैलीले जनतामा आक्रोश बढेको देखिन्छ।

**७. वैचारिकीमा अत्यन्त कमजोर :**

मधेशका नेताहरुको वैचारिकीलाई लिएर सधैं आलोचना हुने गरेको छ । लेखपढमा रुचि नराख्ने, ज्ञानको महत्व नबुझ्ने, दर्शनको बारेमा चर्चै नगर्ने, भावनात्मक कुरा बढी गर्ने, रणनीतिक र कार्यनीतिक कुरा गर्दै नगर्ने । ज्ञानसत्तामा पकड नभएकोले राज्यसत्तामा कहिल्यै पकड बनाउन सकेनन् । वैचारिकीमा कमजोर भएकोले व्यवहारिक र भवनात्मक कुरा बढी गर्ने स्वभावले पनि निरन्तर नोक्सानी गर्यो ।

### ८. ईमानदार र पारदर्शी नहुनु :

पार्टी संचालनमा समुहमा एउटा कुरा गर्ने व्यक्तिगत रूपमा अर्कै कुरा गर्ने । आन्दोलन गर्नुपर्दा सबै पक्षलाई जोड्ने तर अवसर आउँदा नातागोता खोज्ने, पैसावालालाई खोज्ने, संघर्षशील युवा, वौद्धिकवर्गलाई वेवास्ता गर्ने ।

### ९. आर्थिक रणनीति बनाउन नसक्नु :

पार्टी संगठनमा लागेका नेता कार्यकर्ताको लागि आर्थिक योजना बनाउन नसक्ने, आफू पार्टी काममा जादा सबै सुविधा उपलब्ध हुने तर पार्टीका अन्य नेताहरु काममा जादा कुनै सुविधा नपाउने । पार्टीको कोष सामुहिकतामा प्रयोग नगर्ने । आर्थिक गतिविधिको श्रोत के हो कहिल्यै पारदर्शी नहुने जस्ता गतिविधिले नेतृत्ववर्गको कमजोरी दर्शाउछ ।

### १०. लोकतान्त्रिक संगठन निर्माण गर्न नसक्नु :

पार्टी भित्र नेताले नै गुटबन्दीलाई प्रश्रय दिने कसैलाई काखा कसैलाई पाखा गर्ने, पार्टीका सबै नेताहरुलाई एक अर्काको विरुद्धमा आलोचना गरेर फुटाएर राख्ने, लोकतान्त्रिक विधि प्रक्रियाबाट समितिहरु नबनाउने चाटुकारहरुलाई संगठनमा स्थान दिने, आलोचना सहनै नसक्ने, अधिवेशन र महाधिवेसन सेटिङकै आधारमा गर्ने, संगठन भित्र चेन अफ कमान्ड स्वीकार नगर्ने, कसै माथी विस्वास नगर्ने, मिहिनेती भन्दा चापलुशलाई स्थान दिने, आत्म प्रशंसामा रमाउने, नियमित प्रशिक्षण नगर्ने जस्ता गतिविधिले बलियो र लोकतान्त्रिक संगठन निर्माण हुन सकेन ।

### ११. उत्तराधिकारी बनाउन नसक्नु :

पार्टी बनाएदेखि बाँचुन्जेल आफू नै अध्यक्ष रहि रहन खोज्ने, कसै माथी विस्वास नगर्ने, घर परिवारका व्यक्तिहरुलाई वरिपरि राख्ने र उत्तराधिकारी बनाउने सवालमा पनि विचार भन्दा पनि वंशलाई प्राथमिकता दिने कुराले नेतृत्व पंक्तिको संकीर्णता दर्शाउछ ।

### १२. दोधारे नीतिमा अल्झिनु :

सरकारमा हुदा मधेश, सहिद परिवार, माग मुद्दा, अधिकार पहिचानको कुरा स्मरण नगर्ने तर सरकारमा नहुदा जहिल्यै आन्दोलन संघर्षको कुरा गरेर नेतृत्ववर्गले दोधारे नीति प्रदर्सन गर्दा जनतामा अविस्वास बढ्दै गयो ।

## नेतृत्व कहाँ चुके ?

### १. साझा मधेशी दृष्टिकोण निर्माण गर्न नसक्नु :

मधेशमा विभिन्न जात, भाषा, धर्म र समुदाय छन् । नेतृत्वले सबैलाई समेट्ने साझा दीर्घकालीन दृष्टिकोण विकास गर्न पर्याप्त सफलता हासिल गर्न सकेन ।

### २. आफ्नो पावर मेट्रक्स बनाउन नसक्नु :

शासनसत्ताको कुरा गर्ने तर जहिल्यै प्रतिनिधित्व र आरक्षणमा गएर अल्झिने गतिविधिले पाउनुपर्ने अधिकार कहिल्यै पाएन । आफ्नो पावर मेट्रक्स बनाउन नसक्दा राज्यधारीहरुकै शरणमा बारम्बार लम्पसार गर्न पुगे ।

### ३. आन्दोलनको ऊर्जा नीतिमा रूपान्तरण गर्न नसक्नु :

सडक आन्दोलनबाट प्राप्त राजनीतिक शक्तिलाई प्रशासनिक सुधार, आर्थिक कार्यक्रम र सामाजिक रूपान्तरणमा पर्याप्त रूपले रूपान्तरण गर्न सकेनन । मधेश प्रदेशमा मधेशी पार्टीहरु निरन्तर सात वर्षसम्म सरकारमा रहदा पनि सुशासन र समृधिको सवालमा केही गर्न सकेनन् उल्टै विकासे बजेटमा दस प्रतिशत कमिसनको अघोषित कानुन जस्तै बनाए । यस्ले गर्दा देशभरी नै मधेशीलाई हेर्ने दृष्टिकोणै खराव भयो जस्को असर प्रत्यक्ष रुपमा संघीयता माथी पर्यो ।

#### ४. भ्रष्टाचार र अवसरवादको आरोप :

केही मधेशी नेताहरू पनि राष्ट्रिय राजनीतिका अन्य दलका नेताहरूजस्तै सत्ता, पद र गठबन्धनको राजनीतिमा अल्झिएको आलोचना हुने गरेको छ। यसले आन्दोलनको नैतिक बल कमजोर बनायो ।

#### ५. नारायणी पश्चिमलाई जहिल्यै अवमूल्यन गरिरहने :

मधेशको राजनीति शुरु भएदेखि आजको दिनसम्म भएको प्रत्येक संघर्ष, अभियान, आन्दोलन, बिद्रोह र पार्टी संवठनलाई नारायणी पश्चिमले जहिल्यै पनि साथ दिदै आएका छन तर नेतृत्वमा र अवसरमा बारम्बार नारायणी पश्चिमलाई अवमूल्यन गर्ने, विभेद गर्ने, वञ्चित गर्ने प्रवृतिले समग्र मधेशको मनोविज्ञानलाई खण्डित गर्ने काम गरेको छ। यस्ले गर्दा पुर्वीया र पश्चिमावीचको दुरी बढ्दै गएको देखिन्छ।

## ५. अभियानको उदेश्य :

#### १. सामाजिक-साँस्कृतिक चेतनाको विकास :

समाजको दिगो विकास केवल आर्थिक समृद्धिबाट सम्भव हुँदैन, त्यसका लागि बलियो सामाजिक र सांस्कृतिक आधार आवश्यक हुन्छ। त्यसैले अभियानको मुख्य उद्देश्य पूर्वीय दर्शन, सभ्यता, संस्कृति, संस्कार तथा स्थानीय ज्ञान प्रणालीको संरक्षण, प्रवर्द्धन र पुनर्जागरण गर्नु हो। आधुनिकताको नाममा मौलिक पहिचान गुम्दै गएको अवस्थामा समाजलाई आफ्नो इतिहास, भाषा, संस्कृति, परम्परा र सभ्यताप्रति गर्व गर्ने वातावरण निर्माण गरिनेछ।

मौलिकताको आधारमा सामाजिक चेतनाको विकास गर्दै समुदाय केन्द्रित जीवनशैलीलाई प्रोत्साहन गरिनेछ। समाजमा अनुशासन, नैतिकता, सहकार्य, सामाजिक उत्तरदायित्व तथा सामूहिक हितको भावनालाई विस्तार गर्दै सकारात्मक परिवर्तनको आधार तयार गरिनेछ।

#### २. विद्यार्थी तथा युवाहरूको प्रशिक्षण र व्यक्तित्व विकास :

युवा र विद्यार्थी राष्ट्रको भविष्य भएकाले उनीहरूको सर्वाङ्गीण विकास अभियानको प्राथमिक उद्देश्य हुनेछ। विद्यालय तथा समुदाय स्तरमा विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन गरी प्रारम्भिक कानुनी ज्ञान, नागरिक अधिकार तथा कर्तव्य, नैतिक मूल्य-मान्यता, सभ्यता, संस्कृति, संस्कार तथा सामाजिक व्यवहार सम्बन्धी शिक्षा प्रदान गरिनेछ।

विद्यार्थीहरूलाई के गर्न हुने, के गर्न नहुने, सामाजिक जिम्मेवारी, अनुशासन, नेतृत्व क्षमता, शिक्षाको महत्व, आत्मनिर्भरता तथा आत्मविश्वासबारे सचेत बनाइनेछ। साथै आत्मरक्षा सम्बन्धी तालिम,कुलतबाट मुक्ति, योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा, पर्यावरणको संरक्षण, मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनशैलीका विषयमा ज्ञान प्रदान गरिनेछ। यसबाट अनुशासित, स्वाभिमानी, सक्षम र राष्ट्रप्रति समर्पित युवाशक्ति निर्माण गर्ने लक्ष्य राखिएको छ।

#### ३. मूल्य, मान्यता र दर्शनमा आधारित राजनीतिक संस्कृतिको विकास :

अभियानले राजनीति केवल सत्ता प्राप्तिको माध्यम नभई समाज रूपान्तरणको साधन हो भन्ने मान्यता राख्दछ। औपनिवेशिक ज्ञान प्रणालीबाट मुक्ति, आन्तरिक उपनिवेशवादबाट मुक्तिको लागि प्रतिबद्ध राजनीतिक दलको जग बसालिने छ। त्यसैले लोकतन्त्र, मौलिकतावाद, संस्कृतिवाद, सामुदायिक समाजवाद, सनातन मूल्य, संघीयता, सामाजिक न्याय, सुशासन र समृद्धिको आधारमा राजनीतिक चेतनाको विकास गरिनेछ। पुर्वीय ज्ञान प्रणाली, वैदिक दर्शन, सभ्यता र हाम्रो परम्पराको मान्यताबाट सुशिक्षित गरिनेछ। अहिले विद्यमान राजनीतिक दलहरूले समाजमा कुनै प्रकारको मानक स्थापित गर्न नसकेको र जनता राजनीतिक दल र नेतृत्व प्रति उदासिन रहेको अवस्थामा राजनीतिक दल र नेतृत्व कस्तो हुने भने सवालको जवाफ खोज्नु हामीले आफ्नो कर्तव्य ठानेका छौं ?

राजनीतिक संगठन तथा दलहरू व्यक्तिवादमा आधारित नभई विचार, सिद्धान्त, विधि र प्रक्रियामा आधारित हुनुपर्ने अवधारणा स्थापित गरिनेछ। योग्यताको आधारमा युवा तथा सक्षम नेताको नेतृत्वमा नयाँ राजनीतिक शक्ति निर्माण,सेरेमोनियल (अलंकारिक) अध्यक्षको व्यवस्था, सामूहिक नेतृत्व प्रणाली, संस्थागत निर्णय प्रक्रिया, समितिहरुमा मिश्रित उमेरको सहभागिता (४० वर्षमुनिका

४०%, ४१-६० वर्षमुनिका ४०% र त्यसमाथिका २०%) व्यक्तिगत जिम्मेवारीप्रति प्रतिबद्धता तथा इमान्दारीता र पारदर्शितालाई प्राथमिकता दिइनेछ । कुनै पनि तहको अध्यक्ष/ संयोजक बन्न ४९ वर्ष ननाघेको व्यक्ती हुनुपर्ने छ र कुनै पनि तहका सदस्य/ पदाधिकारी बन्न ६५ वर्ष उमेर ननाघेको व्यक्ती हुनुपर्ने छ । साथै ६५ वर्ष भन्दा बढी उमेरका व्यक्ति मार्गदर्शक मण्डल र सल्लाहकार समितिमा बस्न बाधा पर्ने छैन । अध्यक्ष वा नेतृत्व पदलाई निरंकुश अधिकारको केन्द्र होइन, संस्थागत एकताको प्रतिक र समन्वयकारी भूमिकामा रहने राजनीतिक संस्कृतिको प्रवर्द्धन गरिनेछ। अध्यक्ष पदमा रहुन्जेल कुनै प्रकारको लाभको पदमा जान नसकिने, दलका प्रमुख पदाधिकारीहरु राज्य संचालनको जिम्मेवारीमा जादा पार्टीको पद त्याग गरि जाने परम्पराको विकास गर्न प्रेरित गरिनेछ । दुई कार्यकालभन्दा बढी एउटै तहको एउटै पदमा बस्न नपाउने व्यवस्था, राजनीति कहिलेबाट शुरु गर्ने र कहिले विश्राम लिने त्यसको उमेर हद तथा राजनीति गरुन्जेल के के गर्ने, आफ्नो लक्ष्य निर्धारण कसरी गर्ने भने चेतनाको विकास गरिने छ । राजनीति गर्नलाई तह अनुसार योग्यता( केन्द्रीय अध्यक्ष  - स्नातकोत्तर, केन्द्रीय समिती - प्रमाणपत्र तह, प्रदेश तथा जिल्ला अध्यक्ष- स्नातक, प्रदेश तथा जिल्ला समिति - शिक्षित) रहने व्यवस्था गरिनेछ । अब राजनीति गर्ने प्रत्येक व्यक्तिलाई सामुहिक र व्यक्तिगत रूपमा व्यवसाय गर्न प्रेरित गरिनेछ । यस अभियानको प्रमुख लक्ष्य भनेकै शक्तिशाली राजनीतिक शक्ति निर्माण गर्नु पनि हो जसले समाजमा एउटा मानक स्थापित गर्न सकोस ।

### ४. कृषि उत्पादन र आर्थिक आत्मनिर्भरताको विकास :

नेपालको अर्थतन्त्रको आधार कृषि भएकाले कृषि योग्य जमिनलाई चकलावन्दी गरि कृषि क्षेत्रको आधुनिकीकरण तथा सामूहिक उत्पादन प्रणालीको विकास, अभियानको महत्वपूर्ण उद्देश्य हुनेछ । कृषि उत्पादनलाई सामूहिकता, सहकार्य र स्थानीय स्रोत-साधनको अधिकतम उपयोगको आधारमा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । अर्गानिक तथा विषादीमुक्त उत्पादनमा विशेष जोड दिइनेछ । भूगोल, जलवायु, माटो र स्थानीय आवश्यकता अनुसार उत्पादन प्रणाली विकास गरिनेछ । कृषि, पशुपालन, वन तथा घरेलु उद्योगलाई एकीकृत गरी आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने प्रयास गरिनेछ । कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रूपमा स्थापित गर्दै युवाहरूलाई उत्पादनमुखी क्षेत्रमा सहभागी गराइनेछ ।

### ५. शिक्षा नीतिमा सुधार तथा पूर्वीय दर्शनमा आधारित शिक्षा प्रणालीको विकास :

वर्तमान शिक्षा प्रणालीलाई केवल प्रमाणपत्रमुखी नभई जीवन उपयोगी, सीपमूलक, उत्पादनमुखी र व्यवहारिक बनाउनु आवश्यक छ । त्यसैले शिक्षा नीतिमा सुधारका लागि बहस, अध्ययन र अभियान सञ्चालन गरिनेछ ।

शिक्षालाई स्थानीय आवश्यकता, रोजगार, उद्यमशीलता तथा सामाजिक उत्तरदायित्वसँग जोडिनेछ । सबै मातृभाषाहरुमा अध्यापनमा जोड दिईनेछ । मुख्य रुपमा प्राथमिक तहदेखि नै मातृभाषा, संस्कृत र अंग्रेजी तीनवटै भाषा सिकाइने छ । आधुनिक विज्ञान संगसंगै प्रयोगात्मक शिक्षा, अनुसन्धानमुखी शिक्षा, प्राविधिक तथा सीपमूलक शिक्षामा विशेष जोड दिइनेछ । साथै पूर्वीय दर्शन, योग, ध्यान, आयुर्वेद, नैतिक शिक्षा, संस्कार शिक्षा तथा स्थानीय ज्ञान प्रणालीलाई पाठ्यक्रममा समावेश गर्न पहल गरिनेछ । शिक्षा प्रणालीले केवल दक्ष जनशक्ति मात्र होइन, असल नागरिक, जिम्मेवार नेतृत्व र नैतिक व्यक्तित्व निर्माण गर्नुपर्ने अवधारणालाई प्रवर्द्धन गरिनेछ । शिक्षामा व्यपारिकरण बढ्दै गएकोले विभिन्न कम्पिटिसनमा सोधिने प्रश्न र युनिवर्सिटी तथा बोर्डको प्रश्न एकै प्रकारको कसरी बनाउने तिर बढी केन्द्रित हुनु पर्दछ। देशमै मेडिकल, इन्जिनियरीङ तथा अन्य प्राविधिक पढाइहरुको सिट(कोटा) बढाई शिक्षाको निम्ति विदेश पलायनलाई रोक्न पर्दछ ।

### ६. पहिचान र अधिकार सम्बन्धी चेतनाको पुनरपरिभाषा :

पहिचान र अधिकारको विषयलाई केवल राजनीतिक नारामा सीमित नगरी सामाजिक न्याय, सम्मान, सहभागिता र आत्मनिर्णयको व्यापक दृष्टिकोणबाट व्याख्या गरिनेछ । विविध भाषा, संस्कृति, सभ्यता, समुदाय तथा ऐतिहासिक पहिचानहरूको सम्मान गर्दै राष्ट्रिय एकता र सहअस्तित्वलाई सुदृढ बनाउने चेतनाको विकास गरिनेछ ।

अधिकारसँगै कर्तव्यको भावना, समुदायप्रतिको उत्तरदायित्व तथा राष्ट्र निर्माणमा सहभागिताको अवधारणालाई स्थापित गरिनेछ । संघीयता, सनातन, सुशासन, समृधी, समावेशिता, समान अवसर, सामाजिक न्याय र आत्मसम्मानका आधारमा पहिचान तथा अधिकारको नयाँ बहसलाई अगाडि बढाइनेछ । यसमार्फत सबै समुदायलाई सम्मानजनक स्थान प्राप्त हुने तथा साझा राष्ट्रिय समृद्धिमा सहभागी हुने वातावरण निर्माण गरिनेछ । पहिचान र अधिकारको नाममा राजनीति गरिरहेका राजनीतिक दलहरुले आफ्नो लक्ष्य र बोकेको विचार र सिद्धान्त बीच तालमेल गर्न नसक्दा अहिलेसम्म पहिचान र अधिकारको संघर्ष अधुरो छ । तसर्थ

पहिचान पक्षधरहरु तराई मधेशदेखि पहाड हिमालसम्म काम गरिरहेका विभिन्न पक्षहरुवीच सहकार्यको वातावरण सृजना गरि एउटा बलियो संगठन निर्माणको निम्ति चेतना विकास गरिनुपदर्छ ।

**७. सबल र सक्षम युवा नेतृत्वको विकास :**

समाजमा सकारात्मक परिवर्तनको नेतृत्व गर्न सक्ने नयाँ पुस्ताको निर्माण गरिनेछ । राष्ट्र निर्माणमा युवाको निर्णायक भूमिका स्थापित गरिनेछ ।

**८. स्वस्थ जनशक्तिको उत्पादन :**

कुनै पनि राष्ट्रको सबैभन्दा ठूलो सम्पत्ति प्राकृतिक स्रोत होइन, स्वस्थ र सक्षम जनशक्ति हो । कमजोर शरीर, निराश मनोवृत्ति र अस्वस्थ जीवनशैलीबाट समृद्ध समाज निर्माण हुन सक्दैन । आजको पुस्ताले आधुनिकताको नाममा बढ्दै गएको अस्वस्थ खानपान,निष्क्रिय जीवनशैली र मानसिक तनावबाट मुक्त हुन आवश्यक छ । हाम्रो मान्यता अनुसार स्वस्थ जनशक्ति निर्माणको आधार स्थानीय उत्पादन, सन्तुलित आहार, नियमित व्यायाम, ध्यान, योग, अनुशासन र सकारात्मक जीवनदृष्टि हो । स्वस्थ नागरिकले मात्र स्वस्थ परिवार, स्वस्थ समाज र बलियो राष्ट्र निर्माण गर्न सक्छ । त्यसैले स्वास्थ्यलाई केवल व्यक्तिगत विषय नभई राष्ट्रिय अभियानको रूपमा अगाडि बढाउनुपर्छ ।

- "स्वस्थ युवा, समृद्ध राष्ट्र ।"

- "शरीर बलियो, समाज बलियो ।"

- "स्वास्थ्यमा लगानी, भविष्यको ग्यारेन्टी ।"

**९. स्वरोजगारलाई प्रोत्साहन :**

बेरोजगारी केवल आर्थिक समस्या होइन, यो आत्मविश्वास, सिर्जनशीलता र राष्ट्रिय उत्पादनसँग जोडिएको विषय हो । रोजगार खोज्ने मानसिकता भन्दा रोजगार सिर्जना गर्ने मानसिकता विकास गर्नु आजको आवश्यकता हो । हाम्रो मान्यता अनुसार कृषि, पशुपालन, घरेलु उद्योग, सूचना प्रविधि, पर्यटन, हस्तकला तथा स्थानीय उत्पादनका क्षेत्रमा युवाहरूलाई स्वरोजगारतर्फ उन्मुख गर्नुपर्छ । उत्पादन, उद्यमशीलता र आत्मनिर्भरताको संस्कृतिले मात्र आर्थिक स्वतन्त्रता सम्भव हुन्छ । विदेश पलायनलाई बाध्यता होइन, स्वदेश निर्माणलाई अवसर बनाउनु समयको माग हो । हरेक युवा रोजगारको याचक होइन, उत्पादन र परिवर्तनको वाहक बन्नुपर्छ । श्रमलाई सम्मान गर्ने संस्कृति विकास गरेर मात्र आत्मनिर्भर समाज निर्माण गर्न सकिन्छ ।

- "रोजगार खोज्ने होइन, रोजगार सिर्जना गर्ने युवा बनौं ।"

- "स्वरोजगार, स्वाभिमान र आत्मनिर्भरता ।"

- "श्रमको सम्मान गरौं, उत्पादन बढाऔं ।"

**१०. कुलतबाट युवाहरूको मुक्ति :**

राष्ट्रको भविष्य युवामा निर्भर हुन्छ, तर जब युवा कुलत, नशा, विकृति र दुर्व्यवसनको जालमा फस्छन्, तब समाजको ऊर्जा नष्ट हुन थाल्छ । लागूपदार्थ, मद्यपान, जुवातास, अनियन्त्रित डिजिटल लत तथा अन्य दुर्व्यवसनहरूले युवाको प्रतिभा, स्वास्थ्य र भविष्यलाई कमजोर बनाइरहेका छन् । हाम्रो मान्यता अनुसार युवालाई कुलतबाट मुक्त गराउन केवल कानुनी कारबाही पर्याप्त हुँदैन; चेतना, संस्कार, शिक्षा, खेलकुद, सिर्जनात्मक गतिविधि र सामाजिक उत्तरदायित्वको विकास आवश्यक हुन्छ । युवाको शक्ति विनाशमा होइन, निर्माणमा प्रयोग हुनुपर्छ ।

आफ्नो समय, ऊर्जा र प्रतिभालाई कुलतमा होइन, अध्ययन, उत्पादन, संगठन, खेलकुद, संस्कृति र समाजसेवामा लगाउने युवाले मात्र नयाँ युगको निर्माण गर्न सक्छ । कुलतमुक्त युवा नै परिवर्तनको वास्तविक संवाहक हो ।

- "कुलत त्यागौं, भविष्य निर्माण गरौं ।"

- "नशा होइन, राष्ट्र निर्माण रोजौं। "

- "कुलतमुक्त युवा, परिवर्तनको आधार ।"

**११. जातपातको राजनीतिबाट मुक्ति : एकीकृत मधेश निर्माणको अपरिहार्य आधार :**

मधेशको राजनीति कुनै एक जात, समुदाय वा धर्मको राजनीति होइन । मधेशको राजनीति समान अधिकार, सम्मान, पहिचान, आत्मनिर्णय र न्यायको राजनीति हो । आफ्नै स्वायत्तता र शासन सत्ता प्राप्तिको राजनीति हो। तर विडम्बना, वर्षौंदेखि मधेशको नाममा राजनीति गर्नेहरुले मधेशलाई एकीकृत शक्ति बनाउने भन्दा पनि जातपातमा विभाजित गर्ने काम भयो । परिणामस्वरूप, मधेशको सामूहिक शक्ति कमजोर बन्दै गयो र अधिकारको आन्दोलन आफ्नो मूल लक्ष्यबाट विचलित भएको अवस्था छ । नेतृत्व कर्ताहरुले कुरा मधेशको गर्ने र बढावा जातलाई दिदा मधेश जातपातमा विभाजित हुन पुग्यो । यसरी नेताहरूले सम्पूर्ण मधेशको नेतृत्व गर्ने दाबी गर्नुको सट्टा आ-आफ्नो जातपातको घेराभित्र सीमित राजनीति गरिरहेको देखियो । यसले मधेशी समाजलाई एकताबद्ध बनाउनुको सट्टा झन् टुर्क्याएको छ ।

मधेशको शक्ति यसको विविधतामा छ । यहाँ यादव, कायस्थ, ब्राह्मण, भुमिहार, राजपूत, तेली, सुडी, कोइरी, डिक्का, सोनार, मुसलमान, दलित, आदिवासी, जनजाति, थारु लगायत अनेक समुदायहरू बसोबास गर्छन् । यी सबै मिलेर मधेश बन्दछ । कुनै एक समुदाय र जातको हितलाई मात्र मधेशको हित भन्न मिल्दैन । जबसम्म सम्पूर्ण समुदायलाई एउटै साझा राजनीतिक लक्ष्यमा जोड्न सकिँदैन, तबसम्म मधेशको आन्दोलन पूर्ण सफल हुन सक्दैन ।

यस विभाजनको दोष केवल नेताहरूलाई दिन सकिन्न । राज्यसत्ताले पनि "फुटाऊ र शासन गर" भन्ने पुरानो औपनिवेशिक रणनीति अन्तर्गत मधेशी समाजलाई विभाजित राख्न विभिन्न उपायहरू अपनाउँदै आएका छन । एकताबद्ध मधेश सत्ताधारीका लागि चुनौती बन्न सक्छ, तर विभाजित मधेश सजिलै नियन्त्रण गर्न सकिन्छ । त्यसैले कहिले जातीय, कहिले धार्मिक, कहिले क्षेत्रीय र कहिले भाषिक आधारमा समाजलाई विभाजित गर्ने प्रयासहरू हुँदै आएका छन् । यही कारणले मधेशको आन्दोलन कमजोर भयो, अधिकारका एजेन्डाहरू ओझेलमा परे र आन्दोलनको केन्द्रमा हुनुपर्ने साझा मुद्दाहरू पछाडि धकेलिए । अझ दुःखको कुरा, यस विभाजनकारी राजनीतिका कारण थारु समुदाय पनि मधेशी आन्दोलनबाट क्रमशः टाढिँदै गएको देखिन्छ । जबकि ऐतिहासिक, सांस्कृतिक र भौगोलिक रूपमा तराई-मधेशका विभिन्न समुदायबीच सहकार्य र सहअस्तित्वको लामो परम्परा रहेको छ ।

आजको आवश्यकता जातीय नेताहरूको निर्माण होइन, साझा मधेशी नेतृत्वको निर्माण हो । यस्तो नेतृत्व जसले सबै समुदायको सम्मान गर्दै साझा भविष्यको मार्गचित्र प्रस्तुत गर्न सकोस् । जातपातको राजनीतिबाट मुक्ति बिना मधेशको मुक्ति सम्भव छैन । विभाजनबाट शक्ति पैदा हुँदैन, शक्ति त एकताबाट पैदा हुन्छ । अधिकार प्राप्ति, स्वशासन, सामाजिक न्याय, आर्थिक समृद्धि र सांस्कृतिक पुनर्जागरणका लागि मधेशी समाजले जातीय घेराबन्दी तोडेर साझा पहिचान र साझा संघर्षको बाटो रोज्नैपर्छ ।

अब प्रश्न जातको होइन, अधिकारको हो । प्रश्न विभाजनको होइन, एकताको हो । आउनुहोस्, जातपातको संकीर्ण राजनीतिलाई अस्वीकार गरौं । तराई मधेशमा रहेका थारु, मुस्लिम, दलित, डिक्का, युवा, महिला, गैर मधेशी मुलका र बसोबास गर्ने अन्य सबैलाई एउटै मालामा गासौं, जोडौं र मिलौं तथा साझा मधेशी पहिचानको विकास गरौं । एकीकृत, स्वाभिमानी र अधिकारसम्पन्न मधेश निर्माणको अभियानमा जुटौं ।

मधेश सबैको हो, र यसको भविष्य पनि सबैले मिलेर निर्माण गर्नुपर्छ । मधेशमा बसोबास गर्ने सबै जातलाई जोड्न आ-आफ्नो थर हटाई मधेशी अथवा सनातनी लेख्न अभिप्रेरित गरिनु पर्दछ । साथै थरुहट मधेशमा रहेका सबै जातलाई अवसरमा समानता दिइनेछ र सामाजिक न्यायको दृष्टिले कुनै प्रकारको विभेद गरिने छैन ।

**१२. संविधानमाथिको प्रहारको प्रतिकार गर्ने र उपलब्धि रक्षा गर्ने :**

नेपाली जनताको बलिदानीबाट संविधानमा प्राप्त उपलब्धिहरुको रक्षा गरिनु पर्दछ र थप अधिकार प्राप्तिको लागि संघर्षको वातावरण निर्माण गरिनु पर्दछ। संघीयतालाई अधिकार सम्पन्न बनाउने, जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण, संविधान संशोधनको सवालमा हाम्रो तर्फबाट विभिन्न समयमा उठाइएका मागहरु, आठ बुंदे सम्झौताको सम्बोधन, सेना, प्रहरीमा सामुहिक प्रवेशको व्यवस्था लगायतको विषयमा जागरण फैलाउने ।

**१३. समाजका सवै पक्षलाई जोड्ने :**

संघर्ष, अभियान, आन्दोलनको कुरा हुँदा नेतृत्ववर्गले युवालाई खोज्ने, बुद्धिजीवीहरुलाई खोज्ने, नागरिक समाजलाई खोज्ने, प्रबुद्ध वर्गलाई खोज्ने, मजदुर तथा श्रमिकवर्गलाई खोज्ने र सरकारमा पुगेपछि सबैलाई बिर्सिने परिपाटीले समाजमा नेतृत्व प्रति अविस्वास

पैदा गरेकोले अब उपरान्त एउटा यस्तो संरचना बनाइनु पर्दछ जहाँबाट राजनीतिक दललाई पनि निर्देशन गर्न सकियोस र समाजका सबै पक्षलाई बाँध्न सकियोस। समाजका सबै पक्ष एकै ठाउँमा बस्न मिल्ने “सर्वपक्षीय महासभा“ को गठन गरिनु पर्दछ भन्ने चेतनाको विकास गर्ने । यस्ले गर्दा समाजका सबै पक्षवीच नियमित समन्वय पनि हुने र एकीकृत रुपमा काम पनि गर्न सकिनेछ ।

### १४. तराई मधेशका २२ जिल्ला जोड्ने :

संविधान निर्माण प्रक्रियामा तराई मधेशलाई ६ वटा प्रदेशमा विभाजन गरे पश्चात समाजमा त्यस्को गहिरो नकारात्मक मनोवैज्ञानिक असर परेको देखिन्छ । यस कार्यमा मधेश प्रदेशका नेतृत्वकर्त्ताहरुको कुनै योगदान नभए पनि सधैं आलोचना हुने गरेको छ । यस कार्यले मधेश खण्डित छ । तसर्थ तराई मधेशका २२ वटै जिल्ला (थरुहट - मधेश) लाई जोड्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्दछ ।

### १५. चुरे संरक्षण गर्ने :

चुरे क्षेत्रमा दैनिक रुपमा भैरहेको वन विनास, ढुंगा गिट्टी र बालुवा उत्खननले वातावरणीय प्रतिकुलता बढ्दै गइरहेको छ, तराई मधेशमा प्रत्येक वर्ष हजारौ हेक्टर जमिन मरुभुमी बन्दै छ, खानेपानीको श्रोत सुक्दै गैरहेको छ र पूरा मधेश नै समाप्त हुँदै गैरहेको अवस्था छ। पर्यावरणीय असन्तुलनले समयमा वर्षा नहुने, वन्यजन्तुको विनाश तथा पलायन हुने अवस्था छ। तसर्थ चुरे संरक्षण सम्बन्धमा चेतनाको विकास गर्नु पर्दछ र निम्न कार्यहरु गरिनु पर्दछ ;

- चुरे क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरिनु पर्दछ ।

- चुरे क्षेत्रमा ठुल-ठूलो पोखरी र ताल निर्माण गरिनु पर्दछ ।

- वृक्षरोपणको कार्यलाई तीब्रता दिनुपर्दछ ।

- चुरे क्षेत्र भित्र रहेका गैरकानुनी र अव्यवस्थित वसोवासलाई अन्यत्र सारिनु पर्दछ ।

- चुरेमा व्यव्सायिक खेतीपाती, माछा पालन, मौरीपालन, फलफुल खेती, जडिबुटी उत्पादन, दाउराको लागि व्यवसायिक वृक्षरोपणको कामलाई तीब्रता दिनु पर्दछ ।

- कटान, डुबान, बाढी, कृषि बाली नष्ट, जनधनको क्षति, खानेपानीको हाहाकार, मरुभिमिकरण नेपाल र भारतको साझा समस्या भएकोले दुबै देश मिलि महाभारतको फेददेखि भारतको ठूलो नदिसम्म बग्ने हजारौ सानो ठूलो नदिहरुमा दुवैतर्फ बाँध बाधी क्रेटिङ गर्ने र डीलहरुमा मेवा, केरा, बाँस, फलफुल, रहरको दाल आदि उत्पादन कार्य गर्ने ।

- चुरे संरक्षण प्राधिकरण बनाई चुरे सम्बन्धि सबै समस्या समाधान गरिनु पर्दछ ।

### १६. राष्ट्रिय पहिचान र शासन पद्धतिको मान्यता :

नेपालको राष्ट्रिय पहिचानको रुपमा “सनात हिन्दु रास्ट्र ” हुने र शासन प्रणाली “संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ” रहने व्यवस्था गरिनु पर्दछ ।

### १७. नेपाल-भारत खुल्ला सिमा व्यवस्थापन :

नेपाल र भारत देशको सिमा निर्धारण हुनु अघिदेखि बोर्डर आसपास एउटै संस्कृति, एउटै भाषा, एउटै भेषभुषा, एकै प्रकारको उत्पादन, एउटै समाज, बेटीरोटीको सम्बन्ध संगसंगै त्याहाँ बसोबास गर्ने जनतावीच बहुआयामिक सम्बन्ध रहेको छ। यस्तोमा बेलाबखत बोर्डरमा कहिले तारबार लगाउने कुरा त कहिले बोर्डर नियन्त्रण गर्ने कुरा, कहिले दैनिक आवतजावत गर्नेलाई सास्ती दिने जस्ता गतिविधिहरु हालसालका दिनमा देखिएका छन । त्यसमा कहिले सय रुपैयाको त कहिले पाँच सय रुपैयाको सामान मात्रै भारत तर्फबाट ल्याउन पाउने जस्ता गतिविधी त कहिले भारततर्फ जादा चेकजाँचको नाममा घण्टौ लाइनमा बसाउने जस्ता गतिविधिले स्थानीय जनतामा आक्रोश बढदै गैरहेको छ । प्रत्येक दिन दुबै तर्फका ज्यालादारी कामदारहरुलाई सास्ती, स्वास्थ्य उपचारमा आउने जानेलाई सास्ती, अध्ययन अध्यापनमा जाने आउनेलाई सास्ती, तिर्थाटनमा जाने आउनेलाई सास्ती जस्ता गतिविधिले सांस्कृतिक रुपमा प्रहार भैरहेको महसुस हुदैछ । जबकी स्थानीय जनताले नै सिमा सुरक्षा गरेर बसेका छन। खुल्ला सिमा समस्या होईन त्याहाँका जनताका जीवन सहज भएको छ त्यसकारण सिमा नियन्त्रण भन्दा पनि निर्वाध रुपमा आउन

जानेगरी सिमा व्यवस्थापनको उपाय खोजिनु पर्दछ। युरोपियन युनियनका २९ वटा देशका जनतालाई खुल्ला सिमाले कति सहज बनाएको छ त्याहाँबाट पनि पाठ सिक्न सकिन्छ ।

### १८. अर्थ राजनीति र सामुदायिक समाजवाद :

यस अभियानको अर्थ राजनीति भनेको सामुदायिक समाजवाद हो । यस विचारले पहिचान आधारित उत्पादनको वकालत गर्दछ। स्थानीय श्रोत साधन, कृषि उत्पादन, घरेलु उत्पादनको बजारीकरण र व्यवस्थापनमा बढी जोड दिइनु पर्दछ । स्थानीय तहमा सहकारी (कोपरेटिव) को माध्यमबाट, राष्ट्रिय तहमा कर्पोरेटको माध्यमबाट राष्ट्रिय पुंजीको विकास गरिनेछ। अभियानमा लाग्ने सबै अभियानी अनिवार्य रूपमा उत्पादनमुखी व्यवसायमा जोडिनु पर्नेछ । दस वर्षमा नेपालको जिडिपी हालको ४२ बिलियन अमेरिकी डलरबाट ५०० बिलियन डलर पुर्याउने लक्ष्य लिईनेछ ताकी प्रति व्यक्ती आय १३७७ देखि १७००० डलरसम्म पुर्याउन सकियोस। यस लक्ष्य प्राप्तिको निम्ति,

- विशाल हरित जलविद्युत प्रेरित औद्योगिकरण गर्ने,
- दक्षिण एसियाको एआई प्रोसेसिंग र ब्लकचेन माईनिङ हब बन्ने,
- नेपाल क्षेत्रीय वित्तीय र फिनटेक हबको रूपमा स्थापित गर्ने,
- बिटकोईनलाई  केन्द्रीय बैंकको रिजर्वको हिस्सा बनाउने,
- सिंगापुरको आर्थिक मोडेल जस्तै संरचनात्मक र मानव पुंजी विकास गर्ने,

दस वर्षे कार्यान्वयन समयरेखाः

- वर्ष १ :  जलविद्युत औद्योगिकरण ऐन र एक्ँज ऐन पास गर्ने, बिटकोईन रिजर्व नीति घोषणा गर्ने,
- वर्ष २-३ : प्रमुख जलविद्युत, एआई डाटा सेन्टर, ब्लकचेन माईनिङ प्रोजेक्ट शुरु गर्ने,
- वर्ष ४-५ : काठमाडौं वित्तीय सहर चरण १ पूरा, नेपालमा अन्तर्राष्ट्रिय स्टक एक्सचेन्ज शुरु,
- वर्ष ६-७ : ल्म - च्ाउभभ स्टेबलकोईन, डिजिटल करिडोर संचालन, पचास गिगा वाट प्लस जलविद्युत प्राप्त,
- वर्ष ८-१० : पाँच सय बिलियन डलर जिडिपी, १७००० डलर प्रति व्यक्ति आय, युवा फर्किने, कृप्टो वित्त क्षेत्र विश्वव्यापी ।

## ६. अभियानको संरचना :

**केन्द्रीय तह :**

- मार्गदर्शक मण्डल ( पुराना पार्टीका अध्यक्ष र वरिष्ठ नेताहरु सम्मीलित समिति )
- केन्द्रीय अभियन्ता समूह तैयार गर्ने
- Group of hundred for madhesh (GOHFM) तैयार गर्ने ।

**प्रादेशिक तह :**

- प्रादेशिक अभियन्ता समूह तैयार गर्ने ।
- Group of hundred for madhesh (GOHFM) तैयार गर्ने ।

**जिल्ला तह :**

- जिल्ला अभियन्ता समूह तैयार गर्ने,
- Group of hundred for madhesh (GOHFM) तैयार गर्ने,
- सम्पूर्ण संरचना एकीकृत, अनुशासित र अभियानमुखी हुनेछ तथा केन्द्रको निर्देशन अनुसार सबै तहले कार्य सञ्चालन गर्नेछन्

**अभियानको तीन प्रकारको सदस्यता रहने छ :**

१. आजिवन सदस्यता

२. सक्रिय सदस्यता

३. समर्थक सदस्यता

## ७. अभियनमा जोडिनेहरुको योग्यता :

यस अभियानमा आबद्ध हुने सदस्यहरुमा निम्न योग्यता हुनुपर्नेछ ,

- अनुशासित र जिम्मेवार,
- उच्च नैतिक मूल्य र आचरण भएको,
- शिक्षित तथा अध्ययनशील,
- लागूऔषध तथा दुर्व्यसनबाट मुक्त,
- आत्मनिर्भर र श्रमप्रति सम्मान गर्ने,
- सम्भवतः कुनै न कुनै व्यवसायमा संलग्न रहेको,
- आर्थिक रूपमा सक्षम तथा  स्वाभिमानी,
- सामाजिक सेवाभाव भएको,
- राष्ट्रिय तथा सामुदायिक हितप्रति प्रतिबद्ध,
- अभियानको वैचारिक आधारप्रति निष्ठावान,
- चरित्रवान, वेदाग, इमान्दार तथा आर्थिक अनियमितता  र भ्रष्टाचारमा नलागेका व्यक्ती हुनुपर्ने,
- आशावादी सोच भएका तथा कसैलाई निषेध नगर्ने, आग्रह र पुर्वाग्रहबाट मुक्त भएका व्यक्ति ।
- कुनै पनि तहको अध्यक्ष/ संयोजक बन्न ४९ वर्ष ननाघेको व्यक्ती हुनुपर्ने छ र कुनै पनि तहका सदस्य/ पदाधिकारी बन्न ६५ वर्ष उमेर ननाघेको व्यक्ती हुनुपर्ने छ। साथै ६५ वर्ष भन्दा बढी उमेरका व्यक्ति मार्गदर्शक मण्डल र सल्लाहकार समितिमा बस्न बाधा पर्ने छैन ।

## ८.हुंकार मधेश अभियानको संयोजक/अध्यक्ष बन्न  चाहिने न्युनतम योग्यता :

१. स्नातकोत्तर गरेको हुनुपर्ने,

२. कम्तीमा दस वर्षको केन्द्रीय तहको राजनीतिमा अनुभव भएको,

३. लाभको पदमा बसेका व्यक्ति भए भ्रष्टाचारमा नमुछिएका हुनुपर्ने,

४. चरित्रहिन र व्यभिचारी नभएको व्यक्ती हुनुपर्ने,

५. धूम्रपान, मध्यपान नगर्ने, लागुपदार्थ, मादकपदार्थ नखाने, गाजा, दारु, भांग, गुट्खा, चुरोट,  ड्रग्स नखाने व्यक्ति हुनुपर्ने,

६. प्रमुख पदाधिकारी रहदासम्म कुनै लाभको पदमा नजान प्रतिवद्ध व्यक्ती हुनुपर्ने,

७. असल संगठक, प्रष्ट वक्ता र कुशल व्यवस्थापक हुनुपर्ने,

८. अहंकार नभएको तथा लोकप्रियतावादबाट मुक्त, निराशावादी सोच नभएको व्यक्ती अर्थात आशावादी व्यक्ती हुनुपर्ने,

९. पैतिस वर्षदेखि ४९ वर्ष उमेर समुहका व्यक्ती हुनुपर्ने,

१०. राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षबारे प्रष्ट विचार हुनुपर्ने,

११. सामुहिक नेतृत्व प्रणाली मान्ने, पारदर्शी, इमान्दार तथा व्यहारकुशल व्यक्ती हुनुपर्ने,

१२. स्वाबलम्बी, स्वाभिमानी, आत्मनिर्भर, इमान्दार र पारदर्शी व्यक्ति हुनुपर्ने ।

## ९. अभियानको नाराहरू :

**वैचारिक नारा :**

"विचार सहितको विकल्प र विकल्प सहितको विद्रोह ।"

**संगठनात्मक नारा :**

"राजनीति र व्यवसाय सँगसँगै ।"

**युवा नारा :**

"अब देशको नेतृत्व गर्ने पालो युवाको ।"

**अभियानको नारा :**

"मौलिक ज्ञान, साझा शासन, साझा  विकास । "

"ज्ञानसत्तामा पहुँच नभई राज्यसत्तामा पहुँच सम्भव छैन। "

**सभ्यतागत नारा :**

"आफ्नो सभ्यता, आफ्नो संस्कृति, आफ्नै भविष्य । "

**परिवर्तनको नारा :**

"परिवर्तनका लागि युवा अभियान, समृद्धिका लागि जनअभियान । "

**अन्य नाराहरु :**

१. जनताको विश्वास, युवाको नेतृत्व, सुशासनको संस्कार र सनातन संस्कृतिको सम्मान यही हुंकार मधेशको आधार हो ।

२. दासताका जन्जिर तोडौं, समृद्धिको बाटो रोजौं ।

३. अधिकारका लागि हुंकार, समृद्ध देशको आधार ।

४. आवाज मधेशको, भविष्य सबैको ।

५. न्याय, सम्मान र अवसरका लागि हुंकार ।

६. पहिचान, सम्मान र स्वाभिमानका लागि–सत्ता होइन, प्रभुसत्ता ।

७. कुर्सीको मोह होइन, प्रभुसत्ताको हुंकार ।

८. अधिकारभन्दा माथि स्वाभिमान, सत्ताभन्दा माथि प्रभुसत्ता ।

१०. अभियान र व्यवसाय संगसंगै ।

११. समग्र मधेश एक स्वायत्त "थरुहट-मधेश प्रदेश " कायम गर ।

१२. पुरानाको अनुभव र नयाँ नेतृत्वको जोश हाम्रो भिविस्य हो ।

१३. जातपातबाट मुक्त होऔं र थर हटाउं र त्यस ठाउँमा मधेशी / सनातनी लेखौं, सामुहिक पहिचान कायम गरौं ।